भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ्बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :२०७९/०८०
च.नं. :२९३

मितिः २०७९/०६/०२

**विषयः संविधान दिवस मनाउने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु/सामुदायिक विद्यालयहरु सबै ।
श्री स्वास्थ्य संस्था/सामुदायिक संस्थाहरु सबै ।
श्री भूमे गाउँपालिकाबासीहरु (सबै) ।

उपर्युक्त विषयको सम्बन्धमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५७२, मिति २०७९/०५/२६ को पत्रानुसार संविधान दिवस मनाउने सम्बन्धमा मिति २०७९ साल असोज २,३ र ४ गतेसम्म तपसिल बमोजिमको कार्यक्रम गरी संविधान दिवस मनाउनुहुन अनुरोध छ।

तपसिल

१. सबै वडा कार्यालयहरुले दीपावली, राष्ट्रिय झण्डा फहराउनुका साथै घरघरमा दिवस मनाउन हकरमार्फत सूचना तथा जानकारी प्रवाह गर्न/गराउनु हुन ।
२. सामुदायिक विद्यालय तथा संघसंस्थाहरुले सरसफाई, प्रचारप्रसार अन्तरक्रिया कार्यक्रम गरी मनाउन हुन ।
३. गाउँपालिकाबासी सबैले आ-आफ्नो घर, टोल, एवं सार्वजनिक स्थलहरुको सरसफाई गर्नुका साथै साँझ दीपावली गर्नु/ गराउनुहुन ।
४. गाउँपालिकाभित्रका सम्पूर्ण मठ–मन्दिर, पाटी–पौवा, चर्चलगायतका धार्मिक स्थलहरुको सरसफाई गर्नु/गराउनुहुन।

..................
चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत